आफ्ना सफ (पङ्क्ति) हरू सीधा गर्नुहोस्; किनकि सफ (पङ्क्ति) हरू सीधा गर्नु पूर्ण नामाजको एक भाग हो ।

अनस बिन् मालिक(रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि
वसल्लम) ले भन्नुभएको छ : "आफ्ना सफ (पङ्क्ति) हरू सीधा गर्नुहोस्; किनकि सफ (पङ्क्ति) हरू सीधा गर्नु पूर्ण नामाजको एक भाग हो ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले मोसल्ली (नमाज पढ्ने) हरूलाई आफ्ना पङ्क्तिहरू सीधा गर्न, पङ्क्तिमा उभिएको बेला एकअर्काको अगाडि वा पछि नभई सिधा उभिन आदेश दिँदै हुनुहुन्छ । पङ्क्तिहरू सिधा गर्नु नमाजको पूर्णताको एक हिस्सा हो र बाङ्गोपन प्रार्थनामा दोष र कमीको कारण हो ।

https://sunnah.global/hadeeth/ne/show/3031